

# प्रेममा साँचो बोल्दै



भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक ४


## एउटा टेक्ने ढुंगा



यदि आज म कसैको बाटोमा
ठेस लाग्ने ढुंगा भएको छु,
कसैलाई बाटोबाट भट्काइदिने
व्यक्ति बन्न पुगेको छु भने —
हे प्रभु, त्यसका लागि
म दु:खित छु आज,
तपाईंलाई मात्र थाहा छ
मेरो मनको आवाज —
र प्रार्थना गर्छु, हटाइदिनुहोस्
यो ठेस दिने ढुंगा,
जसले बिगार्छ जीवनका मार्गहरू
बरु बनाउनुहोस् मलाई
एउटा टेक्ने ढुंगा,
र राखिदिनुहोस् त्यसै बाटोमा
जहाँ कसैले पाऊन् टेका —
कि म हिले दलदलबाट
कसैलाई तान्न सकूँ,
र आफ्नो कामले देखाउन सकूँ
तपाईंसितै म एक मनको छु भनेर
मेरो जम्मै 'म' ख्रीष्टमा लुकेको होस्
कि स्पष्ट देखियोस्
कि येशू नै हुनुहुन्छ कुनाढुंगा
स्वर्गबाट पठाइनुभएको,
पश्चात्तापी हृदयभित्र
पिताको प्रेमले सजाइनुभएको
परमेश्वरकै उदेकको उपहार
खोज्ने जतिले पाएको,
जो बस्छन् सुरक्षित आँधी र शंकाबाट
उहाँकै हत्केलामा अनन्तसम्म।

- एस्तर एल. फिल्डस्

## के तपाईं सही बाटोमै हुनुहुन्छ?




के यस नक्सामा देखाइएका—र यस्तै अरू नक्साहरूमा पनि—सबै बाटोहरू एउटै गन्तव्यतिर पुग्छन्? पक्कै पनि पुग्दैनन्!

एउटा मिल्दोजुल्दो उदाहरण सोचौं। तपाईंले धेरै पटक सुन्नुभएको होला, 'सबै धर्महरू राम्रो हुन्छन् र अन्ततः आ–आफ्नो बाटो भएर स्वर्गमै पुर्‍याउँछन्।' यही कुरा तपाईंले साँचै विश्वास गरून् भन्ने चाहना भने शैतानको हो; तर परमेश्वरले आफ्नो वचन—बाइबल—मा भने फरक कुरा स्पष्ट रूपमा घोषणा गर्नुभएको छ। मानिसले झूटमा विश्वास गरे पनि, त्यो कहिल्यै सही हुँदैन—र त्यसका लागि ऊ दोषी ठहरिन्छ, चाहे ऊ कति नै "इमानदार" किन नहोस्।

नेपालका कतिपय शहरसम्म पुग्न धेरै बाटाहरू हुन सक्छन्, तर स्वर्गमा पुग्ने बाटो भने केवल एउटा मात्र छ। येशूले भन्नुभयो, "बाटो, सत्य, र जीवन म नै हुँ; म (येशू) द्वारा बाहेक कोही पनि पिताकहाँ आउँदैन" (यूहन्ना १४:६)।

यदि तपाईं स्वर्गतर्फ जाने सही बाटोमै हुनुहुन्छ कि छैन भनेर निश्चित हुनुहुन्न भने, यही क्षण रोक्नुहोस्। आफ्नो हृदय खोल्नुहोस् र येशू ख्रीष्टलाई आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा स्वागत गर्नुहोस्। यो निर्णय तपाईंले कहिल्यै पछुताउनु हुनेछैन।

## "तिमीहरूचाहिँ के भन्छौ — म को हुँ?" मत्ती १६:१५

यो प्रश्न अत्यन्तै महत्वपूर्ण छ, किनकि यो प्रभु येशू ख्रीष्टसँग सम्बन्धित छ—र उहाँबारे तपाईंले गर्ने निर्णयले अनन्त परिणामहरू निम्त्याउँछ।

यस प्रश्नको सही उत्तर केवल परमेश्वरको वचनले दिन्छ। बाइबलले येशू ख्रीष्ट को हुनुहुन्छ र किन पृथ्वीमा आउनुभयो भन्ने कुरा बताउँछ। परमेश्वरको वचनले उहाँका सम्बन्धमा यी सत्यहरू घोषणा गर्छ: "किनभने मानिसका पुत्र हराएकोलाई खोज्न र मुक्त गर्न आएका हुन्" (लूका १९:१०)। "यो विश्वासयोग्य र हर प्रकारले ग्रहणयोग्य वचन हो — ख्रीष्ट येशू पापीहरूलाई मुक्ति दिनलाई संसारमा आउनुभयो" (१ तिमोथी १:१५)। येशू ख्रीष्ट हराएको (नष्ट हुन लागेको) पापी मानवजातिका लागि परमेश्वरले प्रबन्ध गर्नुभएको मुक्तिदाता हुनुहुन्छ।

यो उत्तर उदेकलाग्दो छ र एक असल समाचार हो, किनकि परमेश्वरको वचनले घोषणा गर्छ—तपाईंले, बाँकी सबै मानिसझैं, परमेश्वरविरुद्ध पाप गर्नुभएको छ। "पृथ्वीमा भलाई (असल) गर्ने र पाप नगर्ने कुनै धर्मी मानिस छैन" (उपदेशक ७:२०)। "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमारहित हुनगएका छन्" (रोमी ३:२३)।

*सम्पादकको टिपोट: तपाईंलाई आत्मिक सहयोग चाहिएको छ भने, हामीलाई विश्वास छ—पृष्ठ ४ मा उल्लेख गरिएका साथीहरूले तपाईंको सम्पर्क खुशीसाथ स्वागत गर्नुहुनेछ।*

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वर संसारमा के गर्दै हुनुहुन्छ?

- अध्याय १ को बाँकी अंश -

## आउने मुक्तिदाताको पहिलो प्रतिज्ञा

परमेश्वरले आफ्नो सार्वभौम अधिकार देखाउनका लागि शैतान र उसको कामलाई पराजित गर्नु आवश्यक थियो। त्यसैले, शैतानले मानिसलाई पापमा फसाएर पृथ्वीलाई आफ्नो राज्यका रुपमा हडपिसकेपछि, परमेश्वरले तुरुन्तै उसको अन्त्यबारे भविष्यवाणी दिनुभयो (उत्पत्ति ३:१४–१५)। यस भविष्यवाणीमा परमेश्वरले उसले अपनाएको धूर्त रुप अर्थात् सर्पको रुपमै शैतानलाई सम्बोधन गर्नुभयो, जुन रुप लिएर उसले मानवलाई परीक्षामा पारेको थियो। परमेश्वरले शैतानलाई घोषणा गर्नुभयो कि अन्ततः एक जना स्त्रीबाट जन्मिने मानिसले उसलाई घातक चोट पुऱ्याउनेछ। पछि बाइबलले देखायो कि यो भविष्यवाणी वास्तवमा संसारमा जन्मनुहुने मुक्तिदाताबारे पहिलो प्रतिज्ञा थियो। उहाँ आएर शैतानको राज्य र उसको कामलाई नष्ट गर्न आवश्यक सबै काम गर्नुहुनेछ भन्ने कुरा स्पष्ट भयो। यस अर्थमा, परमेश्वरको योजनामा एकजना मुक्तिदाता नै मुख्य व्यक्तित्व हुनुहुन्थ्यो — उहाँकै कारण शैतानको हार सम्भव हुनेछ, र इतिहासका लागि परमेश्वरको उद्देश्य पूरा हुनेछ। अर्को शब्दमा भन्नुपर्दा, उक्त मुक्तिदाता चाहिँ परमेश्वरबाटको “प्रतिविप्लवकारी” हुनुहुन्थ्यो, जसले ठूला विद्रोहीको पराजय सम्भव बनाउनुहुन्थ्यो। यसरी, यो आउने मुक्तिदाता नै इतिहासका लागि परमेश्वरको उद्देश्य पूरा हुने प्रमुख कुञ्जी हुनुहुन्थ्यो।

मानवको पापका परिणामहरु उल्ट्याउन, ती परिणाम ल्याउने कारण नै हटाउनु आवश्यक थियो। यसको अर्थ थियो — मानवको पाप नै हटाउनु। पछि पवित्रशास्त्रले देखायो कि केलव परमेश्वरको न्यायलाई सन्तुष्ट पार्ने उचित दण्डको सट्टाभर्नाले मात्र मानिसको पाप हटाउन सक्थ्यो। पवित्रशास्त्रले यो पनि देखायो कि मृत्युकै दण्ड मात्र पर्याप्त दण्ड हो (रोमी ५:१२; ६:२३)। यही कारणले, उत्पत्ति ३:१५ को भविष्यवाणीमा परमेश्वरले यसो पनि बताउनुभयो कि मुक्तिदाताले शैतानलाई कुचल्नुहुनेछ, तर शैतानले पनि उहाँलाई चोट पुऱ्याउनेछ। यसको अर्थ थियो — प्रतिज्ञा गरिएको मुक्तिदाता शैतानलाई पराजित गर्नका लागि मृत्युसमेत भोग्नु हुनेछ। पछि पवित्रशास्त्रले प्रकट गऱ्यो कि आफ्नो मृत्युको माध्यमबाट मुक्तिदाताले मानिसको पापको दण्ड तिर्नुहुनेछ, जसकारण पाप हट्नेछ (यशैया ५३:४–६, १०–१२; यूहन्ना १:२९) र यसरी परमेश्वरले मानवको विद्रोहका परिणामहरु उल्ट्याउन सम्भव हुनेछ।

## संघर्षको रणनीति

उत्पत्ति ३:१५ ले स्पष्ट गरायो कि शैतानविरुद्धको युद्धमा परमेश्वरको रणनीतिको केन्द्रबिन्दु मुक्तिदाता नै हुनुहुन्छ। तर मुक्तिदाता मात्रै परमेश्वरको राज्यको पक्षमा यस संघर्षमा सेवा गर्ने हुनुहुन्न। परमेश्वरका पवित्र, चुनिएका स्वर्गदूतहरुले पनि शैतानका शक्तिहरुविरुद्ध लड्नेछन् (दानिएल १०:२०; प्रकाश १२:७)। मुक्तिदाताको उद्धारको कार्यमार्फत परमेश्वरले मानिसहरुलाई शैतानको राज्यबाट बचाइ, आफ्नै राज्यका सदस्य बनाउनुहुनेछ (गलाती १:४; कलस्सी १:१३)। यस्ता मुक्तिप्राप्त मानिसहरु आफ्नो बाँकी जीवन संसारमै बस्नेछन्, ताकि शैतानको पृथ्वीमा रहेको प्रभावको क्षेत्रभित्रै बसेर पनि परमेश्वरको राज्यका प्रतिनिधि भएर काम गर्न सकून्।

यद्यपि उनीहरु शैतानको संसार–प्रणालीभित्र बाँच्नेछन्, तर त्यसका होइनन् (यूहन्ना १७:१४–१८)। उनीहरु संसारमा परदेशी र यात्री हुनेछन् — उनीहरुको वास्तविक नागरिकता स्वर्गमा हुनेछ (हिब्रू ११:१३; १ पत्रुस १:१७; एफेसी २:१९; फिलिप्पी ३:२०)।

कतैकतै परमेश्वरले आफ्नो उद्देश्य पूरा गर्न जातिजातिका मानिसहरुलाई अर्थात् राष्ट्रहरुलाई र यहाँसम्म कि उद्धार नपाएका मानिसहरुलाई पनि प्रयोग गर्नुहुन्थ्यो (यशैया १०:५–६; यर्मिया २५:९; यशैया ४४:२८–४५:५)। त्यसैले, इतिहासका केही समयावधिमा परमेश्वरको राज्य विश्वव्यापी ईश्वर-शासित राज्य (थिओक्रेसी) को रुपमा प्रत्यक्ष रुपमा नदेखिए पनि, प्रत्येक युगमा त्यसका प्रतिनिधिहरु संसारभित्र उपस्थित हुनेछन् र सक्रिय रहनेछन्। पार्थिव प्रान्तमा रहेको शैतानको राज्य–क्षेत्रभित्रै परमेश्वरको राज्य यसरी निरन्तर काम गरिरहनु नै संसारमा असल र खराब सँगै किन देखिन्छन् भन्ने कुरा बुझाउन मद्दत गर्छ (मत्ती १३:२४–३०; ३६–४३)।

मुक्तिदाताको आगमन र उहाँको कार्य नै परमेश्वरको रणनीतिको प्रमुख कुञ्जी हुने भएकोले शैतानको रणनीतिको मुख्य उद्देश्य भनेको मुक्तिदाताको आगमन र उहाँको कार्य रोक्नु हुने थियो। यसका अतिरिक्त, शैतानले संसारमा परमेश्वरको राज्यको प्रतिनिधित्व गर्ने पवित्र स्वर्गदूतहरु र मुक्तिप्राप्त मानिसहरु विरुद्ध पनि युद्ध गर्नेछ (दानिएल १०:१३, २०–२१; एफेसी ६:११, १६)। शैतानले आफ्नो काम पूरा गर्न आफ्नै पतित स्वर्गदूतहरु, आफ्नो राज्यका मानव सदस्यहरु, राष्ट्रहरु, र कहिलेकाहीँ त परमेश्वरको राज्यका मानिसहरुलाई समेत प्रयोग गर्नेछ (दानिएल १०:१३, २०–२१; एफेसी ६:१२; अय्यूब १:९–१५, १७; लूका २२:३; २ थेस्सलोनिकी २:९; मत्ती १६:२१–२३; प्रेरित ५:१–३)।

**परमेश्वरको सेवा नै मेरो मुख्य काम हो; यसलाई प्रकट गर्न नसक्ने कुनै पनि काममा लाग्नु मेरो काम होइन।**

पवित्रशास्त्रको अध्ययनले देखाउँछ कि शैतानले दुई किसिमका आक्रमण–रणनीति पल्टापल्ट फरक–फरक रूपमा प्रयोग गर्ने योजना बनाएको थियो: (१) परमेश्वरको राज्यका सदस्यहरूलाई नष्ट गर्न खोज्ने, र (२) परमेश्वरको राज्यको साक्षीलाई गलत शिक्षाद्वारा वा गलत आचरणद्वारा बिगार्ने (अर्थात् अधर्म र सत्यत्यागतर्फ मोड्ने)।

संघर्षको कथानक अघि बढ्दै जाँदा, यी दुवै उपायहरू बारम्बार प्रयोग भएको देखिनेछ।

साभार: What On Earth Is God Doing by Renald Showers

## अध्याय १ सम्मका पुनरावलोकन प्रश्न

1. मानिसहरू किन विभिन्न गोप्य शक्तिहरू (जस्तै ज्योतिष-शास्त्र, टुनामुना, भूत–प्रेत आदि) खोज्न प्रयास गर्छन्, र बाइबलले तिनीहरूबारे के चेतावनी दिन्छ?
2. परमेश्वर र शैतानबीचको द्वन्द्व बुझिनु किन महत्वपूर्ण मानिन्छ?
3. मानिसले शताब्दियौँदेखि सोधिरहेका तीन मुख्य प्रश्नहरू के–के हुन्?
4. "परमेश्वरले गर्नुभयो" वा "शैतानले गर्‍यो" भन्ने अभिव्यक्ति प्रयोग गर्दा लेखमा के बुझाउन खोजिएको हो?
5. किन बाइबलीय इतिहास-दृष्टिकोण आजका घटनाहरू बुझ्नका लागि पनि महत्वपूर्ण मानिएको छ?
6. बाइबलको इतिहास-दर्शन कहाँबाट सुरु हुन्छ, र सृष्टि हुनु अघि के–के थिएनन्?
7. परमेश्वरले "राज्य" बनाउन किन योजना गर्नुभयो, र त्यसका लागि प्रजा किन आवश्यक पर्‍यो?
8. स्वर्गदूतहरूको प्रमुख विशेषता र क्षमताहरू के–के छन्?
9. बाइबल अनुसार स्वर्गदूतहरूको सङ्ख्या कति धेरै भएको उल्लेख कस्ता पदहरूमा पाइन्छ?
10. परमेश्वरले मानिसलाई किन पृथ्वीको "शासक" जस्तै बनाइदिनुभयो?
11. "थियोक्रेसी (ईश्वर–शासित राज्य)" को अर्थ के हो?
12. मानिसलाई पृथ्वीमाथि शासन गर्न योग्य बनाउन परमेश्वरले के–के दुई कुराहरू गर्नुभयो?
13. "शैतान" कसरी र किन उत्पन्न भयो, र उसको मुख्य उद्देश्य के बन्यो?
14. किन बाइबलको दृष्टिकोण अन्य धर्म/दर्शनका "दुई समान शक्तिशाली देवता"को विचारभन्दा फरक छ?
15. शैतानले आफ्नै राज्य बनाउन के–कसरी स्वर्गदूतहरू र मानिसलाई आफ्नो पक्षमा तान्यो?
16. मानिसले अवज्ञा गरेपछि आत्मिक रूपमा "मरेको" हुनुको अर्थ के हो?
17. मानिसको विद्रोहका कारण भौतिक संसारमा के–के परिवर्तन आए?
18. मानिस कसरी शैतानको राज्यको सदस्य बन्यो, र त्यसको आत्मिक प्रभावहरू के–के भए?
19. किन येशूले शैतानलाई "यस संसारको शासक" भन्नुभयो?
20. इतिहासका लागि शैतानको उद्देश्य के हो?
21. इतिहासका लागि परमेश्वरको अन्तिम उद्देश्य के हो?
22. वर्तमान पृथ्वीलाई पुन:स्थापित गर्न परमेश्वरले के–के मुख्य कामहरू गर्नु पर्ने भएको उल्लेख गरिएको छ?
23. उत्पत्ति ३:१५ मा गरिएको प्रतिज्ञाले मुक्तिदाताबारे के सिकाउँछ?
24. किन शैतानको प्रमुख रणनीति मुक्तिदाताको आगमन र कार्य रोक्नुमा केन्द्रित भयो?
25. शैतानले प्रयोग गर्ने दुई मुख्य आक्रमण–रणनीतिहरू के–के हुन्?

एक चुनौती: यी प्रश्नहरूको उत्तर लेखेर पठाउने प्रत्येक व्यक्तिलाई, उसले पाएको नतिजाको आधारमा, सुहाउँदो पुरस्कार दिइनेछ। whatsapp: 9855071310

## आफ्नो विषयमा निश्चिन्त

"मेरो सधैंको लक्ष्य यही रहँदै आएको छ, र यही मेरो प्रार्थना पनि हो, कि आफ्नो विषयमा मेरो कुनै योजना नहोस्; किनकि मलाई पूरा भरोसा छ कि उद्धारकर्ताले मलाई जहाँ राख्न उचित ठान्नुहुन्छ, त्यही ठाउँ मेरो लागि सबैभन्दा राम्रो हुन्छ।"

- रबर्ट मुरे मक्शेन (ईसं १८१३-१८४३)

## भविष्यलाई हेर्दा

राष्ट्रहरूको भविष्य सर्वशक्तिमान् परमेश्वरको हातमा छ। परमेश्वरले अग्रीमै बताउनुभएकै अन्त्यतर्फ निरन्तर अघि बढिरहेछ। परमेश्वरको योजना—त्यसको एक-एक बुँदासमेत —अवश्य पूरा हुनेछ।

परमेश्वरको पुत्र सियोनमा राज्य गर्नुहुनेछ। राष्ट्रहरू उहाँका चरणमा नम्र भएर घुँडा टेक्नेछन्। अन्ततः यो अहिलेको पृथ्वी हटाइनेछ, र नयाँ स्वर्ग र नयाँ पृथ्वी स्थापना हुनेछ, जहाँ नयाँ यरूशलेम सबै युगका उद्धार पाएका मानिसहरूको घर हुनेछ।

सबै जातिहरू सधैंका लागि अनन्त त्रिएक परमेश्वरको आराधना र स्तुति गर्दै रहनेछन्—उहाँको महिमा, बुद्धि र शक्ति सबै प्रश्नभन्दा ठूलो हुनेछ।

त्यो अनन्त दिनमा, परमेश्वरको प्रेम र अनुग्रह सबै जातिहरूबाट थुमाको रगतले छुटकारा पाएका मानिसहरूमा पूर्णरूपमा प्रकट हुनेछ।

— डा. जोन वाल्वोर्ड द्वारा "The Nations in Prophecy" बाट

शब्दार्थ: 'प्रतिविप्लवकारी'=क्रान्तिको विरोध गर्ने; 'कुञ्जी'=चाबी; 'पल्टापल्ट'=पटक-पटक; 'कथानक'=घटनाहरूको क्रम

## अर्काको काममा हात हाल्नेहरू

यो एक गम्भीर आत्मिक समस्या हो। मानिसहरू अरूको विषयमा अनावश्यक चासो राख्न खोज्छन्, जसका कारण कहिलेकाहीं गोप्य रहनुपर्ने कुराहरू पनि गोप्य राख्न गाह्रो हुन्छ। उदाहरण: 'तपाईंको तलब कति आउँछ?' 'यो विदामा तपाईंहरू कहाँ-कहाँ घुम्नुभयो?' 'खोइ, नानीहरू जन्माउनुपर्दैन?' 'यो ल्यापटप कसले दिनुभयो?' 'फलानोसँग त नन्स्टिकी भाँडाहरू रहेछन् नि!' यसरी अरूका कुरा जान्न खोज्ने र त्यही आधारमा गलत न्याय गर्ने बानी बस्छ। अरूको व्यक्तिगत स्वतन्त्रता र गोप्नीयतासम्बन्धी कुरा बाइबलको वचनविरुद्ध छैनन् भने, त्यस्ता कुरा जान्न, त्यसमा चासो दिन, वा न्याय गर्न आवश्यक छैन। बाइबलले अरूको काममा हात नहाल्न चेतावनी दिइएको छ (२ थेस्सलोनिकी ३:११; १ तिमोथी ५:१३; १ पत्रुस ४:१५)।

## असल बाबुआमा



पृथ्वीमा असल बाबुआमा तिनीहरु हुन् जसले...

...परमेश्वरको निम्ति आफ्नो छोराछोरी हुर्काउँछन्,

...आफ्नो छोराछोरीहरूलाई नयाँ जन्ममा डोऱ्याउँछन् जुन नयाँ जन्म येशू ख्रीष्टमा छ,

...आफ्नो खाँचो पूरा गरिदिने बुढेसकालको साहारालाई बलिदान दिएर छोराछोरीहरूलाई प्रभुको आफ्नै सर्वोत्तम योजनाका निम्ति सुम्पिदिन्छन्।

तर यस्तो असल बाबुआमा बन्ने सामर्थ्य कसरी पाउँछु? कसको नमुना पछ्याऊँ? कसले मलाई सहायता गर्ला? यदि राम्रोसँग छोराछोरी प्रभुमा हुर्काउने बाबुआमालाई सोधियो भने पनि उनीहरूले भन्नेछन् "परमेश्वरले आफ्नो वचनमा यस्तो भन्नुभएको छ, परमेश्वरको वचनले यो सिकाउँछ।"

हो, सबैभन्दा उत्तम बुबा परमेश्वर नै हुनुहुन्छ जसले पृथ्वीमा र स्वर्गमा भएका अनगिन्ती सन्तानलाई सिकाउनुभएको छ, सिकाउँदै हुनुहुन्छ र सिकाउनुहुनेछ। सर्वोत्तम बुबा, हाम्रा महान् अब्बा-पिता परमेश्वर नै हुनुहुन्छ।

## बाइबल पढ्दा के हुन्छ?

"मित्रहरू हो, मलाई थाहा छ — तपाईंहरू सयौं बाइबलका पदहरू सबै कण्ठ गर्न सक्नुहुन्न। तर तपाईंको मन एउटा छलनी जस्तै हो: जब त्यसमा सफा पानी बग्छ, त्यो निकै सफा हुन्छ — यद्यपि त्यो ६६% रित्तो नै हुन्छ!"

- आल्भा जे. म्याक्लेन




हो, हामीले सबै कुरा कण्ठ गर्न सक्दैनौं। तर परमेश्वरको वचनको पानीले बारम्बार धुँदा, कम्तीमा हाम्रो सोच, हाम्रो दृष्टिकोण सफा हुँदै जान्छ। परमेश्वरको वचनले हामीभित्र जे गर्न सक्छ, त्यो अरूले गर्न सक्दैन —हाम्रो सोच्ने तरिका, हाम्रो प्रेरणा, हाम्रो आधारभूत मान्यता, र वास्तविकतालाई हेर्ने सम्पूर्ण दृष्टिकोण परिवर्तन गर्न। र सानो–सानो गरेर, वर्षौं बित्दै जाँदा, वचनले हामीलाई निरन्तर "धुँदै" जाँदा, हाम्रो मन र हृदयभित्र बाइबलीय दृष्टिकोण बिस्तारै बस्न थाल्छ।

- डा. जोन ह्वीटकोम्ब

*"ख्रीष्टले...मण्डलीलाई...वचनद्वारा जलको स्नानले शुद्ध गरी पवित्र पार्नलाई"* (एफेसी ५:२६)

## तपाईंको प्राथमिकता ठीक छ?

- व्यक्तिहरूमा पहिलो स्थान — प्रभु येशू ख्रीष्टलाई
- संस्थाहरूमा पहिलो स्थान — बाइबलीय मण्डलीलाई
- दिनहरूमध्ये पहिलो स्थान — प्रभुको नाममा एक ठाउँमा भेला हुने दिनलाई
- आर्थिक साधनहरूमध्ये पहिलो स्थान — प्रभुलाई अर्पण गरिने दशांशलाई
- समाजप्रतिको सेवामा सर्वोच्च प्राथमिकता — आत्माहरू जित्नका लागि सुसमाचार प्रचारलाई

### परमेश्वर हाम्रा गत–दिनहरूका पनि परमेश्वर हुनुहुन्छ

यथार्थ यही हो—हामीले केही अवसरहरू गुमायौं, जो अब कहिल्यै फर्केर आउने छैनन्। तर परमेश्वरले हाम्रो यस्तो विनाशकारी चिन्तालाई भविष्यका लागि उपयोगी र सकारात्मक सोचमा रूपान्तरण गर्न सक्नुहुन्छ। अतीतलाई विश्राम दिनुहोस् —तर त्यसलाई ख्रीष्टको मधुर अँगालोभित्रै विश्राम गर्न दिनुहोस्। टुटेको, बदल्न नसकिने अतीत उहाँकै हातमा छोड्नुहोस्, र उहाँसँगै मिलेर अपराजेय भविष्यतर्फ अघि बढ्नुहोस्।

*"तिमीहरू हतार गरेर निस्कनेछैनौ...किनकि परमप्रभु तिमीहरूको अघि-अघि जानुहुनेछ..."* (यशैया ५२:१२)